मितिः २०८० कार्तिक २३ गते

समयः विहान ११ बजे

स्थानः सभाहल, कैलाश गाउँ कार्यपालिकाको कार्यालय

आज मिति २०८० साल कार्तिक २३ गते विहिवारका दिन गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा देहायका विषय एवं प्रस्तावहरु उपर छलफल गरी निम्नानुसार निर्णय गरियो।

उपस्थितिः

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बहादुर मुक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कुमार भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | |
| १७ | श्री गोरीमाया वुलुन | कार्यपालिका सदस्य | |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | |
| १९ | श्री विनोद रोका | सदस्य-सचिव (प्र.प्र.अ) | |

**प्रस्तावहरु:**

१. आ.व. २०७९/८० मा संचालित समपुरक तथा सशर्त योजनाहरुको म्याद थप तथा वजेट व्यवस्था गर्ने सम्वन्धमा।

२. आ.व. २०८०/८१ को कर्मचारी तलवी प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।

३. कैलाश गाउँपालिका वडा नं. ८ स्थित आर्युविदिक भवन मर्मतका लागि बजेट व्यवस्था गर्ने सम्वन्धमा।

४. कार्यविधि, मापदण्ड तथा निर्देशिका स्वीकृत गर्ने सम्बन्धमा।

- खानीजन्य पदार्थको उत्खनन्, निकासी तथा विक्री सम्बन्धी कार्यविधि, २०८०
- विपद प्रभावित व्यक्ति तथा परिवारलाई राहत वितरण एवं आर्थिक सहयोग सम्बन्धी मापदण्ड, २०८०
- संघसंस्था दर्ता तथा नवीकरण निर्देशिका, २०८०
- विपन्न नागरिक औषधोपचार तथा संघ संस्था आर्थिक सहायता सम्बन्धी निर्देशिका, २०८०
- कैलाश गाउँपालिकाको कर्मचारी प्रोत्साहन मापदण्ड, २०८०

५. वडागत खानेपानी आयोजना छनौट गर्ने सम्बन्धमा।

६. विविध।

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## निर्णयहरुः

**निर्णय नं. १** आ.व. २०७९/०८० मा प्रदेश समपुरक तथा सशर्त योजना अन्तर्गत ठेक्का मार्फत कार्यान्वयन भएका तपसिल बमोजिमका योजनाहरुको काम भौगोलिक विकटता, निरन्तर र भारी वर्षा एवं निर्माण सामाग्रीहरुको मूल्य वृद्धिको कारणले समयमै सम्पन्न हुन नसकी यस आ.व.२०८०/०८१ मा दायित्व सिर्जना भएको तथा समयमै सम्पन्न हुन नसकेका त्यस्ता आयोजनाहरुलाई मध्यनजर गर्दै नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८०/०३/२१ को निर्णयानुसार त्यस्ता आयोजनाहरुको म्याद १ वर्ष थप गरेको हुँदा प्रदेश समपुरक अन्तर्गतका योजनाहरुको लागि नपुग बजेट गाउँ कार्यपालिकाको मिति २०८०/०४/२६ गतेको बैठकको निर्णयानुसार सम्बन्धित प्रदेश मन्त्रालयमा माग गरिएको र सो कार्यलाई तदारुकतका साथ पुनः बजेट माग गर्ने र हाललाई देहायका योजनाहरुका लागि निम्नानुसार बजेट आन्तरिक स्रोतबाट व्यवस्था गरी सम्बन्धित ठेक्काको सम्वत् २०८१ बैशाख मसान्तसम्म म्याद थप गरी कार्य अगाडी बढाउने निर्णय गरियो।

**तपसिलः**

| सि.नं. | योजना तथा कार्यक्रम | सम्झौता रकम (रु) | भुक्तानी रकम (रु) | भुक्तानी हुन बाँकी रकम (रु) | हाल विनियोजित रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | भार्ता सानुडाँडाखर्क कैलाश बैकुण्ठ सडक निर्माण योजना, कैलाश ८ र २ | १,३५,३७,८३३/४७ | ४०,००,४८३/०७ | ९५,३७,३५०/४ | ४५ लाख | प्रदेश समपुरक |
| २ | कुवापानी नामटार वडा कार्यालय घैराङ सडक निर्माण, कैलाश ९ | ८०,४६,७९५/७६ | ४५,०९,१४५/५७ | ३५,३७,६५०/१९ | १७ लाख | प्रदेश समपुरक |
| ३ | वेतेनी गिम्दी आम्डाँडा थाक्ले सडक निर्माण योजना, कैलाश १० र ३ | १,२८,६१,६५२/६८ | ४३,४२,४०८/६१ | ८५,१९,२४४/०७ | ४२ लाख | प्रदेश समपुरक |
| ४ | किर्तिमान डाँडा हुँदै गापा भवन जोड्ने सडक योजना, कैलाश ३ | ३३,५७,८२२/२७ | २३,९३,१८४/२७ | ९,६४,६३८ | ९ लाख ६५ हजार | प्रदेश सशर्त |
| | कुल जम्मा | | | | १ करोड १३ लाख ६५ हजार। | |

**निर्णय नं. २** यस गाउँ कार्यपालिकाको कार्यालय, मातहतको शाखा तथा स्वास्थ्य चौकीहरुमा कार्यरत स्थायी कर्मचारीहरुको तलवी प्रतिवेदन पास नगरी तलब खुवाउन नहुने कानूनी व्यवस्था अनुरुप आर्थिक प्रशासन शाखाबाट पेश हुन आएको सि.नं. १ देखि ३१ सम्म स्थायी कर्मचारीहरुको आ.व. २०८०/०८१ को तलबी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. ३ कैलाश गाउँपालिका वडा नं. ८ स्थित आर्युवेदिक भवन मर्मतका लागि प्राविधि लागत स्टिमेट बमोजिम रु ८२,६१३.५३ बजेट आवश्यक पर्ने भनी प्राविधिक शाखाबाट पेश हुन आएकोले रु ८० हजार बजेट आन्तरिक स्रोतबाट व्यवस्था गर्ने निर्णय गरियो।

निर्णय नं. ४ यस गाउँपालिकाको विधान समितिमा छलफल गरी सो समितिबाट पेश हुन आएका देहाय बमोजिमका निर्देशिका, कार्यविधि तथा मापदण्ड परिमार्जन गर्नुपर्ने देखिएमा सो समेत गरी स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल:

(क) खानीजन्य पदार्थको उत्खनन्, निकासी तथा बिक्री सम्बन्धी कार्यविधि, २०८०

(ख) विपद प्रभावित व्यक्ति तथा परिवारलाई राहत वितरण एवं आर्थिक सहयोग सम्बन्धी मांपदण्ड, २०८०

(ग) संघसंस्था दर्ता तथा नवीकरण निर्देशिका, २०८०

(घ) विपन्न नागरिक औषधोपचार तथा संघ संस्था आर्थिक सहायता सम्बन्धी निर्देशिका, २०८०

(ङ) कैलाश गाउँपालिकाको कर्मचारी प्रोत्साहन मापदण्ड, २०८०

निर्णय नं. ५ यस गाउँपालिका अन्तर्गत देहायका वडाहरुमा गाउँपालिका र Rural Reconstruction Nepal- RRN को संयुक्त साझेदारीमा निम्नानुसार खानेपानी आयोजनाहरुको यसै आर्थिक वर्षमा कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिल:

१. केउरेनी खानेपानी योजना, वडा नं. १

२. राना टोल बुढौली टोल खानेपानी योजना, वडा नं. २

३. कालिकाटार खानेपानी योजना, वडा नं. ३

४. देउतीस खानेपानी योजना, वडा नं. ४

५. गोगने सिरान, बाइसेडाँडा, ढकाल टोल खानेपानी योजना, वडा नं. ५

६. बाहुन गाउँ हट्टे टोल खानेपानी योजना, वडा नं. ६

७. देखारी डुम्रे खानेपानी योजना, वडा नं. ७

८. रुपाराङ्ग रान्चुराङ्ग खानेपानी योजना, वडा नं. ८

९. कुवापानी विर्ता अम्बोटे खानेपानी योजना, वडा नं. ९

१०. कोक्सीराङ्ग, आमडाँडा, जौखोरिया घट्टेखोला खानेपानी योजना, वडा नं. १०

कैलाश गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कालिकाटार, मकवानपुर बागमती प्रदेश, नेपाल

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

लोक बहादुर मुस्कान
अध्यक्ष

विविध

क. गाउँपालिकाक विभिन्न वडाहरुमा रहेका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको हालसम्म नामकरण नगरी आधारभूत स्वास्थ्य सेवा केन्द्रको रुपमा सञ्चालन गरिदै आएकोमा त्यस्ता स्वास्थ्य सेवा केन्द्रहरुको निम्नानुसार नामकरण गर्ने निर्णय गरियो।

तपसिलः

(क) बैकुण्ठ आधारभूत स्वास्थ्य सेवा केन्द्र, कैलाश-२, बैकुण्ठ

(ख) ज्यान्द्रुङ आधारभूत स्वास्थ्य सेवा केन्द्र, कैलाश-४, ज्यान्द्रुङ

(ग) पकनी आधारभूत स्वास्थ्य सेवा केन्द्र, कैलाश-६, पकनी

(घ) भाल्टार आधारभूत स्वास्थ्य सेवा केन्द्र, कैलाश-१०, भाल्टार

ख. भूमिहीन दलित, भूमिहीन सुकुम्वासी, अव्यवस्थित बसोबासी गर्ने केही गाउँपालिकावासीहरुले हालसम्म पुर्ण रुपमा तोकिएको फाराम भर्न बाँकी भएको भन्ने गुनासो आएकोले सोको सम्बोधन गर्न गर्न पुनः ३५ दिने सूचना प्रकाशन गरिदिन जिल्ला भूमि आयोग तथा अन्य सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो।

ग. सम्वत् २०८० साल कार्तिक १७ गते शुक्रबारर जाजरकोट जिल्ला केन्द्रविन्दु भई गएको भूकम्पबाट मृत्यु भएका सम्पूर्ण मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली तथा शोक सन्तप्त परिवारजनहरुमा समवेदना प्रकट गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने र भुकम्पबाट प्रभावित नागरिकका लागि यस गाउँपालिकाका जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीको (दैनिक ज्यालादारीमा कामकाज गर्ने कर्मचारी बाहेक) तर्फबाट २ दिन बराबरको तलब सहायता प्रदान गर्ने निर्णय गरियो।

घ. यस कैलाश गाउँपालिकाको सांस्कृतिक, धार्मिक तथा भौगोलिक चित्रण गर्ने गरी पालिका गीत लेखि पेश गर्न भनी सूचना प्रकाशन गरेकोमा पेश हुन आएका गीत छनौट गरी सिफारिस गर्ने प्रयोजनका लागि देहायका पदाधिकारीहरु रहने गरी गीत छनौट सिफारिस समिति गठन गर्ने निर्णय गरियो।

तपसिलः

| | |
|---|---|
| १. श्री बाल कुमार मल्ल ठकुरी, उपाध्यक्ष | संयोजक |
| २. श्री राजेन्द्र घिसिङ्ग, वडा अध्यक्ष, २ नं. वडा | सदस्य |
| ३. श्री सुरेश न्यौपाने, योजना शाखा प्रमुख | सदस्य सचिव |

ङ. कैलाश गाउँपालिका वडा नं. ३ स्थित गत साउन महिनामा अविरल वर्षाको कारण गिम्दीको बाटोमा ढुंगाहरु तथा पहिरो खसी सोबाटो अवरुद्ध भएको हुँदा उक्त बाटोको सरसफाइ एवं

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

ढुङ्गा फुटाई हटाउन र बाटो सञ्चालनमा ल्याउन गिम्दी ढुङ्गा फुटाउने तथा पहिरो सरसफाइ का लागि प्राविधिक लागत स्टिमेट बमोजिम रु ३,००,०००/- (तीनलाख मात्र) पेश हुन आएकोले सो बजेट गाउँपालिकाको भैपरी आउने पूँजीगत स्रोतबाट व्यवस्था गर्ने निर्णय गरियो।

च. कैलाश गाउँपालिका वडा नं. ९ स्थित ७५ घर कृषकहरुबाट सम्बन्धित वडाको सिफारिस सहित कृषकहरुबाट उत्पादित तरकारी संकलन तथा कृषकहरुको नियमित बैठक सञ्चालन गर्न सामुदायिक भवनको अत्यन्त आवश्यक भएको र सोको लागि आवश्यक बजेट विनियोजन गरिदिनु हुन भनी पेश हुन आएको हुँदा सामुदायिक भवन निर्माण, कैलाश गाउँपालिका-९ शीर्षकमा रु ३ लाख बजेट गाउँपालिकाको भैपरी आउने पूँजीगत स्रोतबाट व्यवस्था गर्ने निर्णय गरियो।

छ. कैलाश गाउँपालिका वडा नं. ९ स्थित श्री कालिका माध्यमिक विद्यालय तथा प्राविधिक शिक्षालयको आ.व. २०७९/८० मा विद्यालयको कम्पाउण्ड सपोर्ट पर्खाल निर्माण गर्दा ज्याला वापतको रकम प्रधानमन्त्री रोजगार कार्यक्रममा विनियोजित बजेटबाट भुक्तानी भएको तर सो पर्खाल निर्माणको लागि आवश्यक निर्माण सामाग्री खरिदको भुक्तानीको लागि आर्थिक वर्षको अन्त्यमा फाइल पेश हुन आएको र बजेटको समेत अभाव भएको हुँदा निर्माण सामाग्री खरिद वापत रु ५६ हजार भैपरी आउने पूँजीगत शीर्षकबाट व्यवस्था गर्ने निर्णय गरियो।

ज. कैलाश गाउँपालिका वडा नं. ४ स्थित श्री ऋषेश्वर आधारभूत विद्यालयको शौचालयको सेप्टी ट्याङ्गी मर्मत तथा फर्निचर निर्माण गर्नुपर्ने भनी आवश्यक बजेट माग भै आएको हुँदा सेप्टी ट्याङ्गकी मर्मत तथा फर्निचर निर्माणका लागि रु ३ लाख बजेट भैपरी आउने पूँजीगत शीर्षकबाट बजेट व्यवस्था गर्ने निर्णय गरियो।

झ. कैलाश गाउँपालिका वडा नं. ३ स्थित घुमाउने खिर्की सिंचाइ निर्माण आयोजनाको लागि रु ३ लाख भैपरी आउने पूँजीगत शिर्षकबाट बजेट व्यवस्था गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

ञ. कैलाश गाउँपालिका वडा नं. ७ स्थित शक्तिशाली आधारभूत विद्यालयबाट वडाको सिफारिस तथा विद्यालय व्यवस्थापन समितिको निर्णय लगायतका कागजात सहित उक्त विद्यालयमा शिक्षकको तलब व्यवस्थापनका लागि आवश्यक बजेट माग भै आएको हुँदा गाउँपालिकाको भैपरी आउने चालु शीर्षकबाट खर्च गर्ने गरी रु २ लाख बजेट व्यवस्था गर्ने निर्णय गरियो।

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत